**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौ, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**फैसला**

२०७१।०७२ सालको निर्णय नं.२७०

पुनरावेदन नं. ०७५-RB-०२१४

पुनरावेदन दर्ता मितिः२०७५।१०।२२

**मुद्दाः– अग्रिम कर (२०७०/०७१)।**

का.जि.का.म.न.पा.वडा नं.२ गैह्रिधारा स्थित सनराईज बैंक लिमिटेडको तर्फबाट अख्तियार प्राप्त ऐ.बैंकका प्रमुख कार्यकारी अधिकृत वर्ष ६३ को रत्न राज बज्राचार्य..........................................................................१ } पुनरावेदक

**विरुद्ध**

ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर.......................................... १
आन्तरिक राजस्व विभाग, लाजिम्पाट काठमाडौ..........................................१ } प्रत्यर्थी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर प्रशासक श्री धनिराम शर्मा

शुरु कार्यालयको निर्णय मितिः–२०७५।०२।३०

## प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री विष्णुप्रसाद नेपाल

निर्णय मितिः २०७५।०८।२५

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री प्रकाश रेग्मी

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकर

आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५।०८।२५ मा भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम यस न्यायाधिकरणमा पुनरावेदन दर्ता हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं यस न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

### तथ्य खण्ड

१. पुनरावेदक करदाता सनराईज बैंक लिमिटेडले आ.व. २०७०/०७१ को लागि आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरमा मिति २०७१/०९/२९ मा आय विवरण पेश गरेको।

२. करदाताको आ.व. २०७०/०७१ को कर परिक्षण हुँदा पेश हुन आएको आय विवरण साथ संलग्न कागजात, फाटंवारी तथा प्रमाणहरुको अध्ययन, छानविन गरि पेश हुन आएको प्रतिवेदन समेतलाई आधार बनाई श्रोतमा करकट्टी गरी दाखिला नगरेको कर रकम रु.१०,४१,८९९।- (शुल्क तथा २०७१ साउन देखि २०७५ जेठसम्मको ब्याज सहित) माग गर्नुपर्ने देखिएकोले सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए १५ (पन्ध्र) दिन भित्र पेश गर्न आयकर ऐन, २०५८ को दफा ९०(८) बमोजिम ठूला करदाता कार्यालय, ललितपुरबाट करदाताको नाममा मिति २०७५।०२।११ मा जारी भएको सुचना ।

३. ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७५।०२।११ मा जारी भएको सूचना करदाताले मिति २०७५।०२।१४ मा बुझी लिई सोको लिखित जवाफ मिति २०७५।०२।२५ मा पेश गरेको ।

४. करदाताको आय वर्ष २०७०।०७१ को लागि जम्मा अग्रिम कर कट्टी रकम रु.१०,४१,८९९।— (दश लाख एकचालिस हजार आठ सय उनान्सय रुपैंया मात्र) दाखिला

गर्ने गरी आयकर ऐन, २०५८ को दफा ९० को उपदफा (८) बमोजिम करदातालाई सूचना दिने भनी ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७५।०२।३० मा भएको निर्णय।

५. ठूला करदाता कार्यालय, ललितपुरले मिति २०७५।०२।३० मा जारी गरेको आ.व. २०७०/०७१ को अग्रिमकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी करदाता सनराईज बैंक लिमिटेडले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७५।०४।२९ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

६. करदाताले कर्मचारीलाई सहुलियत दरमा उपलब्ध गराएको कर्जा सुविधा सम्बन्धमा बैंकको व्याजदर १०.०६ प्रतिशतलाई नै प्रचलित व्याजदर मानी कम भए जति रकम कर्मचारीको आयमा समावेश गरी कर निर्धारण गरेकोले आयकर ऐन, २०५८ को दफा २७(१)(घ) बमोजिम अग्रिम करकट्टी गर्ने गरी र दफा १२०(क) बमोजिम शुल्क समेत निर्धारण गर्ने गरी शुरु कर कार्यालयले गरेको निर्णय मिलेकै देखिंदा निवेदकको निवेदन जिकिर नपुग्ने ठहर्छ भन्ने समेत वेहोराको आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५।०८।२५ मा भएको निर्णय ।

७. कर्मचारीलाई सहुलियत दरमा कर्जा उपलब्ध सुविधामा अग्रिम कर कट्टी नगरेको सम्बन्धमा करदाताले प्रचलित ब्याजदर अनुसार तिर्नुपर्ने ब्याजको गणना गर्दा लिएको आधार नेपालमा संचालनमा रहेको वाणिज्य बैंकहरुको कर्जाको ब्याजदर सर्वे (SURVEY) गरि कर्मचारीले बजारमा उपलब्ध ब्याजदर मध्ये सुलभ ब्याजदर छनौटको अवसरलाई मानी करदाता बैंकले यस आ.व.को कर्जा तथा लगानीको औषत व्याजदर १०.०६ प्रतिशतलाई प्रचलित व्याजदर मानी कम भएजति रकम कर्मचारीको आयमा समावेश गरी कर निर्धारण गरेको निर्णय कानून सम्मत नभएको र करदाता बकैंले आफ्नो वार्षिक आय विवरण एवं सो मुताविक दाखिला गर्नुपर्ने कर रकम दाखिला गरेको अवस्थामा स्रोतमा कर कट्टी नगरेको भनी आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिम शुल्क लगाउने गरी शुरु कर कार्यालयले भएको निर्णय र सोही निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय बदर गरी न्याय गरि पाउँ भन्ने वेहोराको करदाताको तर्फबाट यस न्यायाधिकरणमा मिति २०७५।१०।२२ मा दायर भएको पुनरावेदन पत्र ।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७६।०४।२२ मा भएको आदेश ।

९. यसमा शुरु कार्यालय र पुनरावेदक बैंकले उल्लेख नगरेको प्रचलित व्याजदर कायम गर्दा लिएका आधार एवं प्रमाण समेत खुलाई सात दिनभित्र जवाफ माग गरी नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७६।०५।१९ मा भएको आदेश।

१०. यसमा ठूला करदाता कार्यालय ललितपुरबाट भएको कर निर्धारण निर्णय उपर आन्तरिक राजस्व विभागबाट मिति २०७५।८।२५ मा भएको प्रशासकीय पुनरावलोकन सम्बन्धी निर्णय सहितको सक्कल मिसिल झिकाई पेश गर्नू भन्ने यस न्यायाधिकरणबाट मिति २०७७।०८।१५ मा भएको आदेश।

## ठहर खण्ड

११. नियम बमोजिम पेशी सूचिमा चढी निणयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाता सनराइज बैंक लि. का तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ता श्री प्रकाश रेग्मीले करदाता बैंकले कर्मचारीहरुलाई सहुलियत दरमा कर्जा प्रदान गरेकोमा प्रचलित व्याजदर भन्दा कम दरमा सहुलियत प्रदान गरि कर्मचारीको आयमा समावेश गरी २५ प्रतिशतले हुने अग्रिम कर कट्टी माग गर्ने गरी भएको आदेश तथा सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय मिलेको नहुँदा बदर गरी पाउँ भनी तथा प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले शुरु कार्यालयबाट भएको अग्रिम करकट्टी माग गर्ने गरी भएको आदेश र सो निर्णयलाई सदर गर्ने गरी अन्तरिक राजस्व विभागका महानिर्देशकले गरेको निर्णय समेत कानुन सम्मत नै रहेको देखिँदा सदर गरी पाउँ भनी गर्नुभएको बहस जिकिर समेत सुनियो।

१२. पुनरावेदक करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, यसमा ठूला करदाता कार्यालय, ललितपुरबाट पुनरावेदक करदाताको हकमा भएको अग्रिम करकट्टी माग गर्ने गरी भएको आदेश तथा प्रशासकीय पुनरावलोकनको क्रममा आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय मिलेको छ, छैन? पुनरावेदक करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१३. निर्णय तर्फ विचार गर्दा, करदाताको मुख्य पुनरावेदन जिकिर कर्मचारीहरुलाई सहुलियत दरमा कर्जा प्रदान गरेकोमा प्रचलित व्याजदर भन्दा कम दरमा सहुलियत प्रदान गरि कर्मचारीको आयमा समावेश गरी २५ प्रतिशतले हुने अग्रिम कर कट्टी गर्नुपर्ने निर्णय त्रुटीपूर्ण भन्ने रहेको देखिन्छ।करदाताले प्रचलित व्याजदरको सम्बन्धमा नेपालमा संचालनमा रहेको

वाणिज्य बैंकहरुको कर्जाको व्याजदर सर्भे (**SURVEY**) गरी कर्मचारीलाई बजारमा उपलब्ध व्याजदर मध्ये सुलभ व्याजदर छनौट गर्न अवसर पाउने तथ्यलाई अन्य बैंकको कम व्याजदरलाई आधार लिई सहुलियतपूर्ण ऋण उपलब्ध गराएको भनी अग्रिम कर माग गर्न मिल्ने होइन भन्ने जिकिर लिएको देखियो। आयकर ऐन, २०५८ को दफा २७(१) मा कुनै भुक्तानीलाई देहायको रकम बराबरमा परिमाणीकरण गर्नु पर्नेछ भन्ने कानूनी व्यवस्था गर्दै सोही दफाको उपदफा (१)(घ) मा *"कुनै आय वर्षमा भुक्तानी प्राप्त गर्नुपर्ने कुनै व्यक्तिले ऋण वापत तिरेको व्याजदर अनुसार तिर्नुपर्ने व्याज रकम भन्दा कम भएमा सो कम भएजति रकम"* भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ।करदाताले आफ्ना कर्मचारीहरुलाई ८ प्रतिशत व्याजदरमा गाडी कर्जा, घर कर्जा ९.९९ प्रतिशत व्याजदरमा र Contingency loan ९ प्रतिशत व्याजदरमा उपलब्ध गराएको तथ्यलाई मिति २०७६।०५।३० रेफ नं. ०७६/०७७/ वित्त / ०१३ मा स्वीकार गरेको देखियो।आफ्नै बैंकको कारोबारमा औषत प्रचलित व्याजदर १०.०६ रहेकोमा त्यसलाई आधार नमानी अर्कै स्टयाण्डर्ड चाटर्ड बैंक लिमिटेडको प्रचलित व्याजदरलाई आधार मानेको देखियो।यसरी करदाताले उक्त कानूनी व्यवस्था बमोजिम यस आ.व. को प्रचलित व्याजदर १०.०६ रहेकोमा कर्मचारीलाई उक्त प्रचलित व्याजदर भन्दा सहुलियत दरमा कर्जा दिएकोमा फरक व्याज रकम परिमाणीकरण गरी कर कट्टी गरेको देखिएन।यस स्थितिमा कर्मचारीको आयमा समावेश गर्नुपर्ने रकम आयकर ऐन, २०५८ को दफा २७ को उपदफा (१)(घ) बमोजिम परिमाणीकरण गरी सम्बन्धित कर्मचारीहरुको पारिश्रमिक आयमा समावेश गरी पारिश्रमिक आयकर गणना गर्नुपर्ने ठहऱ्याई भएको शुरु ठूला करदाता कार्यालयको निर्णय र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णयलाई गैर कानूनी भन्न मिलेन।

१४. करदाताको अन्तिम पुनरावेदन जिकिरमा अग्रिम करमा आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिम शुल्क लगाएको मिलेन भनी जिकिर लिएको पाइन्छ। आयकर ऐन, २०५८ को दफा १२० मा *"कुनै व्यक्तिले कुनै कुराका सम्बन्धमा विभागमा झुठ्ठा वा भ्रमपूर्ण विवरण दिएमा वा दाखिला गर्नुपर्ने कुनै कुरा वा वस्तुको जानकारी नदिई वा सो विवरणबाट उल्लिखित जानकारी भ्रमपूर्ण हुन गएमा त्यस्तो व्यक्तिलाई देहाय बमोजिम शुल्क लाग्नेछ"* भन्ने कानूनी व्यवस्था गर्दै खण्ड (क) मा *"जानाजानी वा लापरवाहीपूर्वक गरेको नभई भूलवश झुठ्ठा वा भ्रमपूर्ण हुन गएकोमा त्यसबाट हुने घटी कर रकमको पचास प्रतिशत"* भन्ने कानूनी व्यवस्था गरिएको पाईयो। यो व्यवस्था करदाताले झुठ्ठा वा भ्रमपूर्ण विवरण दाखिला गरेको प्रष्ट भएमा त्यस वापत जरिवाना सरह लाग्ने शुल्क देखिन्छ। उक्त शुल्क झुठ्ठा वा भ्रमपूर्ण आय विवरण पेश गरी करको दायित्व घटाएको

वा कम गरेको अवस्थामा लाग्ने भए पनि दाखिल गर्नुपर्ने अग्रिम कर दाखिल नगरेकोमा लाग्ने नलाग्ने के रहेछ भनी हेर्नुपर्ने देखियो। आयकर ऐन, २०५८ को दफा ९० को उपदफा (८) मा "तथा अग्रिम कर कट्टी गर्नुपर्ने भुक्तानीमा कर कट्टी नगरेकोमा दफा १२० बमोजिमको शुल्क समेत" भन्ने अंश आर्थिक ऐन, २०७७ बाट मात्र थप भएको देखिन आयो। यसरी अग्रिम कर कट्टी गर्ने भुक्तानीमा दफा १२० को शुल्क लाग्ने कानुनी व्यवस्था हुनु भन्दा अघिको आ.व. २०७०/०७१ को हकमा मिति २०७५।०२।३० मा अग्रिम कर माग गर्दा दफा १२०(क) को शुल्क समेत गणना गरी कर निर्धारण गरेको आदेशमा कानूनको पश्चातदर्शी असर (**Retrospective Effect**) पर्ने गरी प्रयोग गरेको त्रुटी समेत विद्यमान देखिँदा सो हदसम्म उक्त निर्णय न्यायोचित देखिएन।

१५. तसर्थ माथी विवेचित आधार एवं कारण समेतबाट करदाता सनराईज बैंक लिमिटेड (स्थायी लेखा नं.३०२६६९७७०) को आ.व.२०७०/०७१ को आयकर ऐन, २०५८ को दफा ९०(८) बमोजिम अग्रिम कर माग गर्दा ठूला करदाता कार्यालय ललितपुरले आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिम शुल्क समेत लगाएको मिति २०७५।०२।३० को आदेश र सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५।०८।२५ मा भएको निर्णय समेत सो हदसम्म मिलेको नदेखिंदा केही उल्टी हुने ठहर्छ ।करदाताको अन्य पुनरावेदन जिकिर पुग्न सक्दैन ।

## तपसिल खण्ड

१. माथि ठहर खण्डमा लेखिए बमोजिम करदाता सनराइज बैंक लिमिटेड (स्थायी लेखा नं. ३०२६६९७७०) को आ.व. २०७०/०७१ को आयकर ऐन, २०५८ को दफा ९०(८) बमोजिम ठूला करदाता कार्यालयबाट मिति २०७५।०२।३० मा अग्रिम कर माग गर्दा आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिम शुल्क समेत लगाएको हदसम्म उक्त निर्णय र सोही निर्णय सदर हुने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५।०८।२५ मा भएको निर्णय समेत सो हदसम्म उल्टी हुने ठहरी फैसला भएकोले करदाताले आयकर ऐन,२०५८ को दफा १२०(क) बमोजिमको शुल्क बुझाउनु नपर्ने हुँदा सो वापतको रकम हिसाब गरी करदाताको अर्को आ.व. को हिसाबमा मिलान गरिदिनु भनी शुरु ठूला करदाता कार्यालयमा लेखी पठाइदिनू।
२. फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई दिनू।

३. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।
४. फैसलाको विद्युतीय प्रति अपलोड गरी फैसलाको पीठमा जनाउनू।
५. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरू मिसिल ठूला करदाता कार्यालय पठाई रेकर्ड मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमति छ।

बासुदेव खनाल
(लेखा सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>
इजलाश अधिकृतः सनिता लामा
ना.सु धनपति चम्लागाई
फैसला मितिः२०७९।१२।१४।३
फैसला प्रमाणिकरण गर्ने लेखा सदस्यः

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक, ललितपुर